**आकाशवाणी समाचार- नेपाली**

मितिः ३१ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>मुख्य समाचार</u>**

- शिक्षा मन्त्रालयले प्रधानमन्त्री युवा लेखक परामर्श योजना पीएम-युवा योजनाको तेस्रो चरणको प्रतियोगिताको परिणाम घोषणा गरेको छ।
- केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहले पश्चिम बंगाल सरकारले सीमामा तारबार लगाउनका लागि जमिन छुट्याउनुभन्दा घुसपैठकर्ताका लागि जमिन उपलब्ध गराउन प्राथमिकता दिएको आरोप लगाउनु भएको छ l
- मुख्यमन्त्री मामता ब्यानर्जीले विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियालाई लिएर निर्वाचन आयोगमाथि कटाक्ष गर्नु भएकोछ ।
- दार्जीलिङ नगरपालिकाको ऐतिहासिक १७५ औं स्थापना वर्षगाँठको अवसरमा हिज चौरस्ता परिसरमा भव्य कार्यक्रम सम्पन्न गरियो।
- पैह्रोका कारण अवरुद्ध भएको रोहिणी रोड भोली 1 जनवरी देखि खोलिने भएको छ।

**<u>पीएम-युवा 3.0 - परिणाम</u>**

शिक्षा मन्त्रालयले प्रधानमन्त्री युवा लेखक परामर्श योजना पीएम-युवा योजनाको तेस्रो चरणको प्रतियोगिताको परिणाम घोषणा गरेको छ। यसअन्तर्गत 22 भारतीय भाषा र अंग्रेजीका 43 कृतिको छनोट गरिएको छ। छनोट गरिएका कार्यहरू छ महिनाभित्र बुक गरिनेछ। छनोट भएका प्रत्येक लेखकलाई मासिक 50 हजार रुपियाँको दरले छात्रवृत्ति र प्रकाशित पुस्तकमा आजीवन 10 प्रतिशत रोयल्टी समेत प्रदान गरिनेछ । पुस्तकको पहिलो सेट आगामी वर्ष प्रकाशित हुँदैछ । पीएम-युवा योजनाको उद्देश्य देश र विदेशका साहित्य र विचारहरूको प्रतिनिधित्व गर्ने लेखकहरूको नयाँ पुस्तालाई प्रोत्साहित गर्नु हो।

**<u>केन्द्रीय गृहमन्त्री - पश्चिम बंगाल-मुख्यमन्त्री</u>**

केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहले पश्चिम बंगाल सरकारले सीमामा तारबार लगाउनका लागि जमिन छुट्याउनुभन्दा घुसपैठकर्ताका लागि जमिन उपलब्ध गराउन प्राथमिकता दिएको आरोप लगाउनु भएको छ l कटौती, चन्दा असुली र साम्प्रदायिक तुष्टीकरणको संस्कृतिका कारण राज्यको विकास अवरुद्ध भएको उहाले दाबी गर्नुभएको छ । कोलकाताको पोर्ट ब्लेयरमा नेताजी सुभाष चन्द्र बोसले आजाद हिन्द झण्डा फहराउनु भएको ८० औँ बर्षगाठ को अवसरमा श्री शाहले महिलाहरूको सुरक्षा र बङ्गालबाट औद्योगिक पलायनमाथि चिन्ता व्यक्त गर्नुभयो। उहाँले - भाजपालाई राज्यको हराएको गौरव पुनर्स्थापित गर्न र यसका महान प्रतीकहरूको सपना पूरा गर्न अवसर प्रदान गर्ने जनतालाई आग्रह गर्नुभयो । उहाँले अहिलेको कुशासन, भ्रष्टाचार र घुसपैठको युगलाई विस्थापित गरेर सुशासन र गरिबको हितमुखी सरकार बन्ने बताउनु भयो ।( BYTE)

गृहमन्त्री श्री शाहले पस्चिम बङ्गाल की मुख्यमन्त्री ममता बनर्जीले राजनीतिक लाभका लागि घुसपैठलाई संरक्षण दिइरहेको र बीएसएफ र नागरिकता संशोधन ऐन (सीएए) को कार्यान्वयनमा बाधा पुर्याएको आरोप पनि लगाउनु भएको छ l गृहमन्त्री श्री शाहले भन्नुभयो - 'तृणमूल कांग्रेसको शासनमा बंगालका जनता डरको वातावरणमा बाँच्न बाध्य छन् । घुसपैठ रोक्नका लागि बलियो प्रशासनिक प्रणाली बनाइने बताउनुहुदै श्री शाहले भन्नुभयो -भाजपाले घुसपैठ रोक्ने मात्र होइन, सबै

घुसपैठीहरुको पहिचान र निष्कासन पनि गर्नेछ । श्री शाहले तृणमूल कांग्रेसको नेतृत्वमा बंगालको विकास पूर्ण रूपमा ठप्प भएको बताउनु भएको छ|

**अमित शाह माथि ममताको कटाक्ष**

विधानसभा चुनाव आउन केही महिना मात्र बाँकी रहँदा मुख्यमन्त्री ममता ब्यानर्जीले केन्द्रीय गृहमन्त्री अमित शाहको फेरि बङ्गाल भ्रमणको कडा आलोचना गर्नु भएकोछ। उहाँले गृहमन्त्रीको नाम नलिई भन्नु भयो 'चुनाव आउनेबित्तिकै दुर्योधन–दुशासन बंगालमा आउँछन् ।हिज बांकुड़ाको बड़जोड़मा आयोजित एक जनसभालाई सम्बोधन गर्नु हुदै मुख्यमंत्रीले घुसपैठको मुद्दामा पनि केंद्र सरकार अनि गृह मंत्री माथि प्रश्न उठाउनु भयो। उल्लेखनीय छ हिज बिहान गृह मन्त्रि अमित शाहले बंगाल सरकार माथि घुसपैठलाई लिएर कटाक्ष गर्नु हुदै राज्य सरकारले सीमामा बार लगाउन जमीन नदिएको आरोप लगाउनु भएको थियो ।जमीन नदिएको आरोपको प्रतिवादमा अमित शाहको आरोपको खण्डन गर्दै मुख्यमन्त्री ब्यानर्जीले भन्नु भयो, 'उनीहरू राज्यमा आउँछन् र भन्छन् कि ममता बनर्जीले जमिन दिएकी थिइनन्| जग्गा नदिइएको भए तारकेश्वर–विष्णुपुर लाइन कसरी बन्यो ? ईसीएलको कोइला परियोजनाका लागि जग्गा कहाँबाट आयो ? भारत–बंगलादेश सीमामा रहेको बनगाउँ, पेट्रापोल, घोडा डांगा, चाँग्रा बन्धालाई कसले जग्गा दियो ?'उहाँले अंडाल एयरपोर्ट र पानागढ़को उदाहरण दिनु हुदै भन्नु भयो राज्य सरकारले विकासको लागि पर्याप्त जमीन दिएकोछ।

**विशेष गहन पुनरीक्षण-बंगाल**

तृणमूल कांग्रेसले मतदाता सूचीमा सामेल नभएका 60 वर्षभन्दा माथिका मतदातालाई विशेष गहन पुनरिक्षण सहायता शिविरमा नबोलाउन र उनीहरूको सुनुवाइ घरमै गर्न निर्वाचन आयोगलाई आग्रह गरेको छ। पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालसँगको भेटका क्रममा तृणमूल कांग्रेसको पाँच सदस्यीय प्रतिनिधिमण्डलले यस्तो आग्रह गरेको हो। यसअघि विशेष गहन पुनरिक्षण शिविरमा सुनुवाइका क्रममा वृद्ध वृद्धा र बिरामी मतदाताहरुले असुविधा भोग्न समाचार आएको थियो। प्रतिनिधिमण्डलले मुख्य निर्वाचन अधिकारीलाई लेखेको पत्रमा अतिरिक्त मुख्य निर्वाचन अधिकारीले पच्चीस वर्ष उमेरका र बिरामी भएका मतदाताहरूलाई टेलिफोन सम्पर्क र घर प्रमाणिकरण गर्न अनुमति दिने हालैको सूचनाको स्वागत गरेको छ। 60 वर्षमाथिका सबै ज्येष्ठ नागरिकलाई पनि यही सुविधा दिनुपर्ने पार्टीले जनाएको छ।

**उपराष्ट्रपति**

हिज रामेश्वरममा आयोजित चौथो काशी तमिल संगमको समापन समारोहलाई सम्बोधन गर्नुहुदै उपराष्ट्रपति सी.पी. राधाकृष्णनले काशी र तमिलनाडुको सम्बन्ध केवल ऐतिहासिक मात्र नभई हजारौं वर्षदेखि भारतलाई एकताबद्ध गर्ने गहिरो सभ्यता र आध्यात्मिक सम्बन्ध रहेको बताउनुभयो। उहाँले यस्ता आदानप्रदानले भारतको साझा सम्पदा र राष्ट्रिय एकताको भावनालाई बलियो बनाउने बताउनुभयो।

महान कवि सुब्रमण्यम भारतीको भनाइ उद्धृत गर्नुहुदै श्री राधाकृष्णनले काशी तमिल संगममले एकताबद्ध, एकीकृत र आत्मविश्वासी भारतको दृष्टिकोणलाई प्रतिबिम्बित गर्ने बताउनुभयो। उहाँले कवि भारतीको सपना आज प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी सोच र केन्द्रित पहलहरू द्वारा पूरा भइरहेको बताउनुभयो।

**दार्जीलिङ नगरपालिका- १७५ औं स्थापना वर्षगाँठ**

दार्जीलिङ नगरपालिकाको ऐतिहासिक १७५ औं स्थापना वर्षगाँठको अवसरमा हिज चौरस्ता परिसरमा भव्य कार्यक्रम सम्पन्न गरियो। झण्डै दुई शताब्दीदेखि दार्जीलिङ नगरपालिकाले सामाजिक, सांस्कृतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रमा पुऱ्याउँदै आएको महत्वपूर्ण योगदानको सम्मानस्वरूप यो विशेष समारोह आयोजना गरियो।

(BYTE)

**सिलिगुडी नगर निगम- उद्घाटन**

सिलिगुडी नगर निगमका मेयर गौतम देवले हिज नवनिर्मित प्लेटिनम जुबली भवन र अत्याधुनिक अडिटोरियमको औपचारिक उद्घाटन गर्नुभएको छ । भवन र सभागृहको रिबन काटेर बत्ती बालेर उद्घाटन गरिएको थियो।उद्घाटन समारोहमा उपमेयर

रञ्जन सरकार, अध्यक्ष प्रतुल चक्रवर्ती, नगर आयुक्त, मेयर काउन्सिलका सदस्यहरू, विभिन्न वार्डका पार्षदहरू र निगमका अधिकारीहरू उपस्थित थिए।आधुनिक सुविधाहरूले सुसज्जित, यस नयाँ सभागारले महत्त्वपूर्ण नगरपालिका बैठकहरू, बोर्ड बैठकहरू र विभिन्न चर्चा  सत्रहरू आयोजना गर्दछ। उद्घाटन लगत्तै नयाँ प्रेक्षालयमा पहिलो बोर्ड बैठक पनि सम्पन्न भएको थियो ।यस  अवसरमा मेयर  गौतमदेवले नयाँ भवन र सभागर ले सिलगुडी महानगरपालिकाको प्रशासनिक कामलाई थप पारदर्शी, छिटो र जनमुखी बनाउने बताउनु भएको छ  । साथै, यो नयाँ बुनियादी ढाचा बिकास ले नागरिक सेवाहरू सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्नेमेयर गौतम देबले बताउनु भएको छ ।

**<u>रोहिणी रोड – निरीक्षण</u>**

पैह्रोका कारण अवरुद्ध भएको रोहिणी रोड भोली 1 जनवरी देखि खोलिने भएको छ। गत 4 अक्टोबरको राति गएको पैह्रोले अवरुद्ध बनेको रोहिणी रोड लगभग तीन महिनापछि भोली देखि खोलिने भएको छ। हिज जीटीए प्रमुख अनित थापाले रोहिणी रोडको भ्रमण गरेर चलिरहेको मर्मत कार्यको निरीक्षण गर्नु भयो। उहाँले रोहिणी रोडको मरमत्तिको कार्य 31 दिसम्बरसम्म पूरा गरेर रोड खोल्न निर्देशन दिएको जानकारी प्राप्त भएको छ। यसका साथै हिज बिहान सम्बन्धित विभागीय अधिकारीहरुले पनि रोहिणी रोडको निरीक्षण गरेका थिए। रोहिणी रोड भोली 1 जनवरीदेखि गाडीहरुका लागि खुल्ला गरिने भए तापनि मर्मतको कार्य जारी रहने बताइएको छ। रोहिणी रोड पैहोले अवरुद्ध भएपछि अहिले सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 भएर चलिरहेका छन्।

****** o ******